# भूमे साप्ताहिक

वर्ष ५ अङ्क १५ २०८० साउन १० बुधबार




सम्पादकीय

## प्रिय प्रशासकलाई भूमेको सन्देश

गत साता भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठलाई गाउँपालिका परिवारले विदाइ गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सरुवा हुनुभएका श्रेष्ठलाई गाउँपालिका अध्यक्षलगायत जनप्रतिनिधिहरु, कर्मचारी तथा स्थानीयबासीले भारी मनले बिदाइ गर्नुभएको छ। राष्ट्रसेवक कर्मचारी एउटा कार्यालयबाट बिदा भएर अर्को कार्यालयमा जानु स्वभाविक प्रक्रिया हो। तर, भूमे गाउँपालिकाको लागि चन्द्रसिंह श्रेष्ठलाई विदा गरी पठाउनु कठिन विषय थियो। भूमे गाउँपालिकाको लागि उहाँको आवश्यकता अझैं धेरै थियो, छ र भइरहनेछ।भूमेको भूमिबाट उहाँको विदाइ उच्चस्तरको जिम्मेवारी र भूमिकासहितको स्वागतका लागि हो भन्ने हाम्रो अपेक्षा छ।

संविधानले परिकल्पना गरेको संघीय गणतन्त्रात्मक शासन प्रणालीलाई कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी बोकेर भूमे गाउँपालिकाको पहिलो प्रमुख कार्यकारी अधिकृत भएर आउनुभएका श्रेष्ठ आफ्नो ६ वर्ष भूमेकै भूमिमा बिताउनु भयो। आफ्नै जन्मभूमि भए पनि अध्ययन र रोजगारका सिलसिलामा लामो समय गाउँबाहिर रहनुभएका उहाँ सक्षम अधिकृतको रुपमा गाउँ फर्किनुभयो र ६ वर्षको अथक मेहनत, लगाव र इमान्दार प्रयासले भूमे गाउँपालिकालाई अहिलेको अवस्थामा पु-याउन पर्दापछाडि रहेर निकै महत्वपूर्ण भूमिका खेल्नुभयो। झोलामा बोकेर शुरु भएको कार्यालय अहिले आफ्नै भवनबाट सञ्चालित छ। पहिलो स्थानीय तहको निर्वाचनदेखि अहिलेसम्म उहाँले गाउँपालिकाको समग्र प्रशासनिक नेतृत्व निकै कुशलतापूर्वक पूरा गर्नुभएको छ। जनप्रतिनिधि र कर्मचारी एवं कर्मचारी र नागरिकबीचको सम्बन्ध कस्तो हुनुपर्छ र कसरी सहजीकरण गर्नुपर्छ भन्ने श्रेष्ठले ६ वर्षमा पूरा गरेको भूमिकाले नै स्पष्ट गरिसकेको छ।उहाँले भूमे गाउँपालिकाका लागि गर्नुभएको योगदान, मेहनत र समर्पणको जति चर्चा गरे पनि कमै हुन्छ।

गाउँपालिकामा नरहे पनि उहाँको भूमेप्रति सदैव सहयोग, सद्भाव रहिरहने हाम्रो विश्वास छ। यहाँ उल्लेख गर्नैपर्छ- भूमे साप्ताहिक प्रकाशनको सोंच, परिकल्पना र कार्यान्वयनमा उहाँको निर्णायक भूमिका छ। उहाँका आगामी दिनहरु थप सिर्जनशील, ऊर्जाशील एवं सफल बन्दै जाऊन्, प्रशासनिक क्षेत्रमा उल्लेखनीय प्रगति होओस्। इमान्दार प्रयास, कठोर मेहनत र जिम्मेवारीप्रतिको लगावमा कुनै कमी नआओस्।असल कर्मले सदैव सफल बन्नुहोस्, भूमे साप्ताहिकको तर्फबाट शुभकामना।


प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# वर्षा र पहिरोले ठाउँ-ठाउँमा सडक अवरुद्ध

**बर्षात सुरु भएसँगै रुकुम (पूर्व) का ग्रामीण सडक कतै पहिरोले भत्काएको छ, कतै हिलाम्य बनाएको छ त कतै ठूल्ठुला खाल्डाखुल्डी परेका छन्। सडक अवरुद्ध हुँदा ग्रामीण भेगका नागरिकको दिनचर्या प्रभावित बनेको छ।**



❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) । वर्षा र पहिरोका कारण भूमे गाउँपालिकाका विभिन्न सडक अवरुद्ध हुँदा सवारी साधनका साथै पैदल यात्रुलाई समेत समस्या भएको छ। रुकुम (पूर्व)को मध्यपहाडी लोकमार्ग सञ्चालन भए पनि बर्षात सुरु भएसँगै ग्रामीण सडक भने पूर्णरूपमा अवरुद्ध भएका हुन्। सडक अवरुद्ध हुँदा ग्रामीण भेगका नागरिकको दिनचर्या प्रभावित बनेको छ।

सिस्ने गाउँपालिकाको वडा नम्बर १ ठुलो सिस्ने, वडा नम्बर २ को छिपखोला, प्वाङ र पुथा उत्तरगंगा गाउँपालिकाको पेल्मा, रन्मा, हुकाम, मैकोट, अर्जल, जाङतिर भने सडक विस्तार



नभएकाले घोडा र खच्चडबाट दैनिक उपभोग्य वस्तुहरु ढुवानी हुने गरेको छ। वर्षायामसँगै आउने पहिरोले बाटो भत्काउँदै घोडा खच्चडबाट ढुवानी गर्न पनि कठिनाइ भएको स्थानीयको दुखेसो छ।

केही दिनदेखि आइरहेको लगातारको बर्षाले भूमे गाउँपालिका वडा नं. ९ चुनबाङ, वडा नं. ८ कुतिबाङ, सिमखोला, वडा नं. ६ रुन्टी, नाखे, तामारी, खाम्दै, महत, वडा नं. ५ डालिबाङ, वडा नं. २ गाबाङ, आरुडाँडा, वडा नं. ३ मोराबाङ, क्याङ्सी, झुम्लाबाङ लगायतका अधिकांश सडक अवरुद्ध भएका छन्। सडक अवरुद्ध भएपछि दैनिक उपभोग्य वस्तुहरु चामल, दाल, नुन, तेल लगायतका खाद्यान्न तथा लत्ता कपडा ढुवानीमा समस्या भएको हो।

वर्षाको कारण अवरुद्ध सडक खुलाउन भूमे गाउँपालिकाले डोजर चलाइरहेको छ। जहाँ समस्या हुन्छ, त्यहीं डोजर लिएर सडक खुलाइरहेको भए पनि निरन्तर परिरहने पानीका कारण सडक बनाउने, भत्किने भइरहेको भूमे गाउँपालिकाका सव इञ्जिनियर सन्तोष घर्तीले बताउनु भयो। "साँझ बनाएको सडक रातभर पानी परेपछि बिहान फेरि अवरुद्ध भइसकेको हुन्छ", सव इञ्जिनियर घर्तीले भन्नुभयो, "गाउँपालिकाले प्रयास गरिरहेको छ। जेसीबी अवरुद्ध सडक खुलाउन, पहिरो पन्छाउन काम लगाइरहेका छौं। बजेट अभावका कारण सबै ग्रामीण सडकहरु सुचारु गर्न गाह्रो देखिन्छ।" पालिकाभित्रका अधिकांश ग्रामीण सडक तत्काल मर्मत गर्न सकिने अवस्था नभएको र वर्षायाम सकिएपछि मात्रै ती सडकहरु पुनः सञ्चालनमा ल्याउन पहल गरिने घर्तीको भनाइ छ।

# प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठको बिदाइ




❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) । भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठलाई **फेरि भेटौंला कार्यक्रम** गरी विदाइ गरिएको छ। सरुवा भएर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जान लाग्नुभएका श्रेष्ठलाई गाउँपालिका कार्यालय खाबाङ बगरमा एक कार्यक्रमको आयोजना गरी गाउँपालिकाले बिदाई गरेको हो। श्रेष्ठ भूमे गाउँपालिका स्थापना भए देखि नै प्रमुख प्रशासकीय अधिकृतका रुपमा कार्यरत हुनुहुन्थ्यो।

सुरुमा हालका प्रमुख प्रशासकीय अधिकृतलाई प्रमुख कार्यकारी अधिकृत भनिन्थ्यो। उहाँले गाउँपालिका स्थापनाकालको व्यवस्थापन, पहिलो स्थानीय तहको निर्वाचन, त्यसबाट निर्वाचित जनप्रतिनिधिको एक कार्यकाल र स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिसँग १ वर्ष काम गर्नुभयो। श्रेष्ठ भूमे गाउँपालिका वडा नम्बर ३ झुम्लाबाङ निवासी हुनुहुन्छ।

फेरि भेटौंला कार्यक्रममा भूमे गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठले अविर, फूल र मायाको चिनोसहित बिदाइ गर्नुभयो। सो अवसरमा सबै वडाका अध्यक्षहरु, गाउँपालिकाका कर्मचारीहरु लगायतले पालैपालो श्रेष्ठलाई अबिर, माला, फूलको गुच्छा दिएर बिदाइ गरेका थिए।

बिदाइका क्रममा गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठले आगामी दिनमा थप प्रगति गरेर भूमे गाउँपालिकाको शिर उँचो राख्ने विश्वास व्यक्त

गर्नुभयो। जनप्रतिनिधि र कर्मचारीहरुबीचको पुलको काम गरी सहज वातावरण बनाउन महत्वपूर्ण भूमिका खेलेकोमा प्रशंसा गर्दै अध्यक्ष श्रेष्ठले उहाँबाट इमानदारिता, लगनशीलता र कामप्रतिको लगाव सबैले सिक्नुपर्ने बताउनु भयो।




त्यस्तै भूमे गाउँपालिका निवर्तमान अध्यक्ष रामसुर बुढामगरले प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठको काम गर्ने शैलीको प्रशंसा गर्दै थुप्रै जटिल कामलाई सहज बनाउन र भूमेको विकासलाई तिव्र गतिमा बढाउन उदाहरणीय भूमिका खेलेकोमा खुसी व्यक्त गर्नुभयो। गाउँपालिकाबाट बिदाइ गर्नुपर्दा दुःख लागे पनि भूमेको सन्तानले धेरै प्रगति गरेर उच्च तहसम्म पुगेको देख्न चाहेको बुढाले बताउनु भयो। श्रेष्ठको काम गर्ने शैली देखि आफु पनि चकित परेको उहाँको भनाई छ। "उहाँको कामप्रतिको लगाव देखेर चकित छु, म राती १० बजेसम्म काम गरेर फर्किदा उहाँ काममै हुनुहुन्थ्यो, बिहान झिसमिसेमै काम परेर कार्यालय आउँदा पनि उहाँ काम गरिरहेकै अवस्थामा हुनुहुन्थ्यो," उहाँले भन्नुभयो।

गाउँपालिका उपाध्यक्ष सबिना बुढामगरले आफु निर्वाचित भएर हालसम्म काम गर्दा प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठसँग कुनै असमझदारी नभएको बताउनु भयो।

बिदाइ कार्यक्रममा प्रमुख प्रशासकीय प्रमुख चन्द्रसिंह श्रेष्ठले शुरुमा निर्वाचन गराउन ३ महिनाका लागि आएको आफू ६ वर्ष बितेको ६ दिनजस्तै लागेको बताउनु भयो। नयाँ जिल्ला, नयाँ पालिका कुनै कार्यालय नभएको ठाउँमा भूमे गाउँपालिकाको जग खडा गरेर अहिलेसम्म आउँदा आकाश पातालकै फरक भएको श्रेष्ठले बताउनु भयो। "विद्यालयको फिल्डमा उद्घाटन भएको भूमे गाउँपालिका कार्यालय अहिले आफ्नै भवनबाट सञ्चालन भइरहेको छ। म यहाँ कार्यकारी प्रमुख भएर आउँदा एउटा झोलामा कार्यालय बनाएर शुरु गरेको थिएँ।" पाहुनाको रुपमा खाना समेत मागेर खाएको स्मरण गर्दै श्रेष्ठले गाउँपालिकाको कुनै संरचना, कार्यालय नै नभएकाले आफूले जिरोबाट काम शुरु गरेको बताउनु भयो।

"कार्यकारी प्रमुख भएर आएको छु, केही पनि छैन। झोलामा कार्यालय खडा गरेर काम शुरु गरियो। स्थानीय तहको निर्वाचन भयो, जनप्रतिनिधिहरु आउनुभयो। आफ्नै भवन बनायौं। अहिले भूमे गाउँपालिका जुन जगमा उभिएको छ, म त्यसको शुरुदेखि नै सँगै छु।" उहाँले भन्नुभयो, "दिनरात नभनी अहोरात्र खट्ने सम्पूर्ण कर्मचारी साथीहरु र सधैं हौसला बढाइरहनुहुने जनप्रतिनिधिहरुको कारण आज सफा र समृद्ध भूमेको परिकल्पना पूरा हुने बाटोमा अघि बढेको छ।"

# पहिरोले भत्कियो टक्सारको विद्यालय भवन

❖ बालाराम शेर्पाली



रुकुम (पूर्व) । पहिरोले भूमे गाउँपालिका वडा नं. ३ स्थित टक्सार आधारभूत विद्यालयको भवन भत्किएको छ। विद्यालय भवनभन्दा माथिबाट आएको पहिरोले तीन कोठे विद्यालय भवन भत्किएको हो।

दुई वटा कोठा भत्किसकेको र एउटा कोठा पनि जोखिममा रहेको टक्सार आधारभूत विद्यालयका प्रअ होमजङ्ग रानाले बताउनु भयो। विद्यालय भवनसँगै तल्लो र माथिल्लो भवन आवत जावत गर्न बनाइएको २५ मिटरजति सिँढी पनि क्षतिग्रस्त भएको रानाले जानकारी दिनुभयो।

"विद्यालयभन्दा माथिबाट आएको पहिरोले भवनका दुईवटा कोठा भत्किएका छन् भने एउटा कोठा पनि भत्किने अवस्थामा छ," उहाँले भन्नुभयो, "लगातारको वर्षाका कारण आएको पहिरोले विद्यालयलाई ठूलो क्षति भएको छ।" कक्षा ८ सम्म पढाइ हुने उक्त विद्यालयमा अहिले १३३ भन्दा बढी विद्यार्थी रहेको प्रअ रानाले बताउनु भयो।

टक्सार आधारभूत विद्यालय पहिरोको उच्च जोखिम रहेको खबरसँगै सोमबार जिल्ला समन्वय समिति रुकुम (पूर्व)का प्रमुख मेघबहादुर श्रेष्ठ, जिल्ला समन्वय अधिकारी रविन्द्र बुढाक्षेत्री, शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख तिलक गौतम, वडाध्यक्ष प्रशुराम बुढामगर र असिष्टेण्ट सब( इञ्जिनियर लक्ष्मण बुढामगर लगायतको टोलीले स्थलगत निरीक्षण गरेको थियो।

निरीक्षणपछि जिसस प्रमुख श्रेष्ठले भन्नुभयो, "विद्यालयको स्थलगत निरीक्षण गर्‍यौं। पहिरो रोकथाम र क्षति पुगेको भौतिक संरचना पुनर्निर्माणका लागि प्राविधिकलाई प्राविधिक मूल्याङ्कन गर्न लगाएका छौं।" प्राविधिकको मूल्याङ्कन पश्चात् सम्बन्धित निकायमा पहिरो रोकथाम तथा संरचनाको पुनर्निर्माणका लागि अनुरोध गर्छौं।"



# उचित नेतृत्व विकास, समुदायको हौसला, सरकारको मार्गदर्शन र सरोकारवालाको निगरानी भए विद्यालय राम्रा बन्छन्

**तिलक गौतम**
**प्रमुख,** शिक्षा विकास तथा समन्वय इकाइ, रुकुम (पूर्व)

**तपाईं शिक्षा विकास तथा समन्वय इकाइ, रुकुम (पूर्व)को प्रमुख हुनुहुन्छ, जिल्लाको समग्र शैक्षिक अवस्था कस्तो छ?**

विगतसँग तुलना गरेर हेर्ने हो भने रुकुम (पूर्व) जिल्लाको शिक्षाको अवस्था अहिले स्वाभाविक रुपमा राम्रो छ। भौतिक पूर्वाधारको दृष्टिकोणबाट हेर्दा पहिला भन्दा अहिले विद्यालयहरु भौतिक रुपमा सम्पन्न बन्दै गएका छन् भने अधिकांश विद्यालयहरुमा सरकारले तोकेका न्युनतम सक्षमता सूचकहरु पूरा भएका देखिन्छन्। पहिला जस्तो कक्षा कोठाको अभावमा विद्यार्थीहरु चौरमा पढ्नुपर्ने अवस्था अहिले छैन। शौचालय, खानेपानी, खेल मैदान, फर्निचरजस्ता कुराहरुमा सुधार देखिन्छ।

पठनपाठनको दृष्टिकोणले पनि विद्यालयहरुको अवस्था सन्तोषजनक छ। पहिलाभन्दा तालिम प्राप्त शिक्षकहरुको उपलव्धता बढेको छ भने शिक्षण विधि र प्रविधिको उपयोगमा आधुनिकता र प्रभावकारिता बढेको भन्न सकिन्छ। यतिबेला एसइइ लगायतका परीक्षाहरुको नतिजा पनि सन्तोषजनक रहेको देखिन्छ। कतिपय विद्यालयहरुमा एउटा पनि दरबन्दी नहुनु, विद्यार्थीहरुको तुलनामा शिक्षकहरुको संख्या कम हुनु, तोकिएबमोजिमको स्पिरिट र गुणस्तरमा पठनपाठन नहुनु, समयमा कोर्ष नसक्नुिजस्ता समस्याहरु भने निमिट्यान्न हुन सकेका छैनन्।

रुकुम (पूर्व) जिल्लामा हाल १२१ विद्यालयमा २० हजार १७९ जना विद्यार्थी अध्ययनरत छन् भने ५५२ जना शिक्षकहरु कार्यरत छन्। कक्षा १-५ को खुद विद्यार्थी भर्नादर छात्राको ९२.७ प्रतिशत, छात्रको ९६.८ प्रतिशत र जम्मा ९४.८ प्रतिशत रहेको छ भने कुल भर्नादर क्रमशः १४१.६, १४४.८ र १४३.२ प्रतिशत रहेको छ।

**२०७९ को एसइइको नतिजा प्रकाशनले शिक्षा क्षेत्रमा कस्तो प्रभाव देखिएको छ ?**

हालै प्रकाशित २०७९ सालको एसइइ परीक्षाको नतिजा यस जिल्लाको हकमा सन्तोषजनक नै छ। गत विगतको तुलनामा नतिजा सुधारोन्मुख छ भने कतिपय छिमेकी जिल्लाको तुलनामा यो प्रभावकारी पनि देखिएको छ।

जम्मा १०८७ जनाले परीक्षा दिएकोमा ४ जना अर्थात् ०.३६ प्रतिशतले ३.६१ देखि ४ जिपिए, २७ जना अर्थात् २.४८ प्रतिशतले ३.२१ देखि ३.६० जिपिए र ७७ जना अर्थात् ७.०८ प्रतिशतले २.८१ देखि ३.२० सम्म जिपिए नतिजा हाँसिल गरेका छन्। तर अहिले पनि २.४१ देखि २.८० एवम् २.१ देखि २.४० जिपिए नतिजा ल्याउनेहरुको संख्या उच्च क्रमशः ४० र २५ प्रतिशत रहेको हुँदा यसमा गुणस्तरीय सुधारको आवश्यकता अवश्य देखिन्छ।

**गाउँपालिका अनुसार कुन पालिकामा कति विद्यार्थी संख्या रहेको छ ?**

प्रायः अन्य जिल्लामा जस्तै रुकुम (पूर्व) जिल्लामा पनि विद्यार्थी संख्या घट्दो क्रममा छ। अहिले सिस्ने गाउँपालिकामा छात्रा ३९३६ र छात्र ४००६ गरी जम्मा ८००२, भूमे गाउँपालिकामा छात्रा २९०९ र छात्र २७९१ गरी ५७०० र पुथा उत्तरगङ्गा गाउँपालिकामा छात्रा ३१९७ र छात्र ३२८० गरी ६४७७ विद्यार्थी रहेका छन्। जिल्लाभरिमा छात्रा १० हजार १०२ र छात्र १० हजार ७७ गरी जम्मा २० हजार १७९ विद्यार्थी रहेका छन्। गत शैक्षिक सत्रमा २० हजार ५०० भन्दा बढी विद्यार्थी रहेका थिए। यस वर्ष केही संख्या घटेको छ।

**उच्च शिक्षा अध्ययन गर्ने रुकुम (पूर्व) मा विद्यार्थीहरुले चाहेका र खोजेका सबै विषय पढ्न पाएका छन् ?**

कक्षा ११/१२ र उच्च शिक्षाको पहुँच कम रहेको यस जिल्लामा विद्यार्थीहरुले चाहेका र खोजेका विषय पढ्न पाएका छन् भन्ने सकिने अवस्था हुँदैन। स्वभावैले हामीकहाँ थोरै पहुँच, थोरै छनौट छ।

**साधारण धारको तुलनामा प्राविधिक धारतर्फ जिल्लामा कस्तो अवस्था छ?**

हाम्रो जिल्लामा रहेका २६ माध्यमिक विद्यालयमध्ये जम्मा २ वटा माध्यमिक विद्यालयमा मात्रै प्राविधिक धारमा पढाइ हुन्छ। ३ वटा विद्यालयमा CTEVT तर्फको कार्यक्रम छ। त्यसकारण साधारण धारको तुलनामा प्राविधिक धारतर्फ पढ्ने विद्यार्थीको सङ्ख्या हाम्रो जिल्लामा धेरै कमजोर छ।

**मावि दरबन्दी शिक्षक तीन स्थानीय तहमा कति रहेका छन् र कुन कुन विषयका शिक्षक छन् ?**

स्वीकृत दरवन्दी र राहत अनुदान कोटा गरेर माध्यमिक तहमा यस जिल्लामा जम्मा ५३ शिक्षक दरवन्दी रहेका छन्। जसमध्ये स्वीकृत दरवन्दीतर्फ ४१ र राहत अनुदान कोटातर्फ १२ रहेका छन्। गाउँपालिकाको वितरण हेर्दा सिस्नेमा १७, भूमेमा १८ र पुथामा पनि १८ रहेको देखिन्छ। साविकको उच्च माध्यमिक तहलाई हाल माध्यमिक तह मान्ने भएको हुँदा साविक उच्च माध्यमिक तहतर्फका २१ जना थप शिक्षकको रुपमा रहेका छन्। यसका अलावा

अहिले नेपाल सरकारले संघीय शिक्षण सहयोग अनुदान र गाउँपालिकाहरुले गापा अनुदानको नाममा यस तहमा विभिन्न सङ्ख्यामा शिक्षकहरु उपलव्ध गराएको अवस्था छ।

विषयको हकमा अङ्ग्रेजी, नेपाली, गणित, विज्ञान, सामाजिक, स्वास्थ्य र जनसङ्ख्या शिक्षा, विभिन्न ऐच्छिक विषयसम्बद्ध विषय लगायत कृषि र कम्प्युटरतर्फ समेत शिक्षकहरु रहेका छन्।

**विद्यार्थीहरुको कला प्रतिभाको विकासका लागि केही कार्यक्रम सञ्चालन गर्नुभएको छ?**

विद्यार्थीहरुको कला, प्रतिभा विकासको कुरा सामान्यतया नियमित पठनपाठनले समेट्ने कुरा हो। यदि यसलाई छुट्टै विषय मान्ने हो भने हाल हामीसँग यस प्रकारको कार्यको लागि कुनै पनि बजेट छैन। आवश्यकताका आधारमा गाउँपालिका र विभिन्न गैरसरकारी संस्थाहरुसँग समन्वय गरी विद्यार्थीहरुको कला र प्रतिभा पहिचान गर्ने कार्यक्रमहरुमा इकाइको तर्फबाट सहजीकरण भने गर्ने गरिएको छ।

**शिक्षा र आर्थिक विकासको अन्तरसम्बन्ध कस्तो रहन्छ ?**

शिक्षा कुनै पनि विकासको आधार र कारक हो। शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो। त्यसकारण आर्थिक विकासको मूल आधारको रुपमा शिक्षा रहेको हुन्छ भन्न सकिन्छ। शिक्षाले व्यक्तिलाई ज्ञान र सिप प्रदान गर्छ। ज्ञान सिपका आधारमा व्यक्तिले श्रम गर्छ र श्रमका आधारमा मूल्य प्राप्त गर्छ। त्यसकारण आर्थिक विकासको प्रारम्भिक चरण नै शिक्षा हो। शिक्षालाई लगानीको रुपमा लिई तदनुरुप विकास गर्न सके यसले व्यक्ति, समाज र राष्ट्रको आर्थीक रुपान्तरणमा अर्थपूर्ण योगदान गर्न सक्छ। अतः शिक्षा र आर्थिक विकासको बिचमा पारस्परिक सम्बन्ध छ भन्न सकिन्छ।

**शैक्षिक गुणस्तर सुधार गर्न के कस्ता नयाँ कार्यक्रम वा नीति निर्माण गर्नु पर्छ ?**

शैक्षिक गुणस्तर सुधार गर्न सर्वप्रथम यो क्षेत्रमा लगानी बढाउनु पर्छ। गत साल शिक्षा क्षेत्रको राष्ट्रिय बजेट १०.९३ प्रतिशत थियो भने यो वर्ष १०.९५ रहेको छ। गुणस्तर सुधारका लागि न्युनतम पूर्वाधार पूरा भएको सुनिश्चित गर्नुपर्छ भने शिक्षकको पेशागत विकास र प्राविधिक सहायता प्रणालीलाई बढाउनु पर्छ। शिक्षकको इन्सेन्टिभ र आचारसंहिता दुवैतिर उत्तिकै ध्यान दिन जरुरी हुन्छ भने गुणस्तर सुधारका लागि विद्यालयमा अभिभावकको परिचालन, सहयोग र अनुगमन उत्तिकै आवश्यक देखिन्छ।

शिक्षकहरुको पेशागत सुरक्षाको सुनिश्चितता गरी समाजमा उचित पहिचान र मर्यादा बढाउन सके यसले शिक्षाको गुणस्तर सुधारमा तात्विक असर गर्न सक्छ। शैक्षिक गुणस्तरले यो क्षेत्रको नतिजालाई समेत जनाउने भएको हुँदा विद्यार्थीको सक्षमता र सिकाइ उपलव्धिका लागि शिक्षक र सरोकारवालालाई उत्तरदायी र जवाफदेही बनाउन सक्ने गरी कार्यक्रम थप गर्न सके गुणस्तर सुधारमा यो बढी प्रभावकारी बन्न सक्छ।

**विद्यालय राम्रो बनाउन निकै नै जटिल छ। यसमा तपाईको के भन्नुहुन्छ?**

विद्यालय राम्रो बनाउन जटिल छैन। बरु चुनौतिपूर्ण छ। समग्र सरोकारवालाको साथ र साझेदारितामा योजनाबद्ध रुपमा उचित लगानी र कार्यक्रमसहित अघि बढ्ने हो भने विद्यालय राम्रो बन्न/बनाउन समय लाग्दैन/जटिल छैन। उचित नेतृत्व विकास, समुदायको हौसला, सरकारको मार्गदर्शन र सरोकारवालाको निगरानी हुन सक्ने हो भने विद्यालय राम्रा बन्छन्/बनेका छन्।

**वर्तमान परिवेशमा शिक्षा विकासका लागि स्थानीय तहको भूमिका कस्तो हुनु पर्छ ?**

विद्यालय शिक्षाको विकासको लागि नजिकको सरकारको रुपमा स्थानीय तहको भूमिका महत्वपूर्ण हुन्छ। आफ्नो क्षेत्रका विद्यालयहरुको आवश्यकता पहिचान गर्ने, तोकिएको अधिकार क्षेत्रको आधारमा सरोकारवालाहरुको सल्लाह र सहभागितामा योजना निर्माण गर्ने, आवश्यकताका आधारमा लगानी बढाउने, विकासात्मक कार्यक्रम कार्यान्वयन गर्ने र जवाफदेहिताको मेकानिज्मसहित अनुगमन, मूल्याङ्कन र नियमन गर्ने कार्य/भूमिका स्थानीय तहले गर्न सक्छ। पूर्वाधारको अभावमा पिल्सिएका विद्यालयहरुलाई न्युनतम पूर्वाधारको सुनिश्चितता गरी उचित पुरस्कार र दण्ड प्रणालीको कार्यान्वयन गर्दै स्थानीय तहहरुले विद्यालय शिक्षाको विकासमा मार्गदर्शकदाता, योजनाकार, निगरानीकर्ता र पेशागत सहयोगीको रुपमा भूमिका खेल्न सक्छन्।

***प्रस्तुतिः बालाराम शेर्पाली***


## उपभोक्ता तथा व्यापारी वर्गमा भूमे गाउँपालिका, रुकुम (पूर्व) को अपिल !

१) कारोबार स्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम् खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान खरिद गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना, वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं । उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

३) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने गरौं।

४) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

५) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको गाउँ/नगरपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।

६) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल

# राक्से धपाउने झाँक्री नाच

**रुकुम (पूर्व) को लुगुम गाउँमा हरेक बर्ष साउन महिनाको पहिलो हप्ताको एक दिन सबै थरीका झाँक्रीहरू मिलेर ज्यास पलेन्ये रम्मा राम बनाउने र मान्ने गर्दछन्। राक्से (भूतप्रेत) धपाउन झाँक्री नाच नाच्दछन्।**



❖ **सर्जना कार्की**

मानिसदेखि लिएर पशु चौपायासम्मलाई देवी देउता तथा भूत प्रेत लाग्यो भने धामी झाँक्रीले झारफुक गर्छन्। रुकुम (पूर्व) मै यस्ता ठाउँ पनि छन् जहाँ स्वास्थ्य संस्थाभन्दा पनि धामी झाँक्रीको उपचारलाई भरपर्दो मान्छन्। यहीं जिल्लाको एउटा ठाउँ यस्तो पनि छ, जहाँ अन्य बेलामा झारफुकको काम गर्ने झाँक्रीहरुले वर्षमा एक पटक मेला महोत्सव लगाउँछन्। त्यो ठाउँ हो रुकुम (पूर्व) को भूमे गाउँपालिका वडा नं. १ लुकुम।

यसै वर्ष साउन ४ गते बिहीबारका दिन लुकुममा झाँक्री नाच नाचिएको छ। यस नाचलाई राँके



तिवार अर्थात् झाँक्री राम पनि भनिन्छ। साउने संक्रान्तिलाई अठार मगरात क्षेत्रमा तिवार र राँके पर्वको रुपमा भव्य रुपले मान्ने गर्दछन्।

यसै अवसर पारेर लुकुम गाउँमा हरेक बर्षको साउन महिनाको पहिलो हप्तामा कुनै एक दिनमा सबै थरीका झाँक्रीहरू मिलेर ज्यास पलेन्ये रम्मा राम बनाउने र मान्ने गर्दछन्। लुकुममा बसोबास गर्ने सबै थरबाट एक जना झाँक्रीले अनिवार्य रुपमा झाँक्री मेलामा सहभागिता जनाउनु पर्ने मान्यता रहिआएको स्थानीय बताउँछन्।

जम्मा भएका झाँक्रीहरूले एक अर्काको ग्रहदशा फार्ने, हेराहेर गर्ने गर्दछन् भने गाउँका युवायुवती राम्चेहरू र झाँक्रीका चुन्मी वा भान्जहरूका बिचमा एकअर्कालाई सिस्नो हानाहान गरेर रमाइलो गर्ने परम्परा रहेको छ। यस झाँक्री नाचमा सिस्नो किन हानिन्छ, कहिलेबाट यो परम्परा सुरुवात भएको हो भन्ने कुरालाई अहिलेसम्म कसैले पनि लिपिबद्ध गरेको पाइदैन्। तर स्थानीयलाई बुझ्दा फरक-फरक भनाइहरु आउने गरेका छन्।

कतिपयले सिस्नो हान्नु भनेको शरीरमा रहेका अदृश्य भूतप्रेतलाई धपाउनु हो भनेका छन्। कतिपयले पहिले एउटा ठूलो महामारीजन्य रोग लागेर यहाँका मान्छेलाई धेरै सताएको र पछि सिस्नो हानेपछि रोग हराएको भन्ने पनि गरेका छन्। यसको गहिराइमा पुग्न अलि धेरै अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ।

झाँक्री नाचको एउटा कथन छ, धेरै पहिले लुकुम गाउँमा बोक्सीहरूले अति सताउँदा भैरम झाँक्रीको उत्पत्ति भएको र तीनै भैरम झाँक्रीले आफ्नो अलङ्कारिक वस्त्रका साथ ढ्याङ्ग्रो बजाउँदै नाच्दै र तन्त्रमन्त्रले नचाई नचाई तिनै बोक्सीहरूलाई सदाको लागि जमिनमुनि धसिदिएर ठूलो ढुङ्गाले च्यापेर आफू पनि सदाको लागि अल्पिएको भन्ने सुनिन्छ। त्यही दिनको उपलक्ष्यमा त्यही बोक्सीहरूलाई गाडेकै ठाउँमा हरेक बर्ष झाँक्री

मेलाको आयोजना गर्ने गरिएको त्यहाँका स्थानीयले बताएका छन्।

झाँक्री नाचको दिनमा झाँक्रीको सहयोगी (चुम्मी)को रुपमा मुख्य मान्छे भान्जलाई लिइदो रहेछ। घरबाटै निस्कनुपूर्व भूतप्रेतले केही नगरोस् भनेर झाँक्रीले तन्त्रमन्त्रद्वारा आफ्नो र भान्जको शरिर बाँध्ने गर्छन्। भान्जले यो काम गर्दैन् भन्न नि नपाउने रहेछ। त्यसपछि भान्जले झाँक्रीको



सामान बोकेर मार्दै (नाच्ने) ठाउँमा गई आगो बालेर ढ्याङ्ग्रो तताउने र नाच्ने गर्दछन्। त्यसको केही समयपछि झाँक्री आउने र झाँक्रीहरु पनि पहिले भाडा नलगाएर ९ फन्को नाच्ने र त्यसपछि भाडा लगाएर फेरि ९ फन्का नाचेर खोलामा राक्से (भूत प्रेत) निकाल्न जान्छन्।

खोलाबाट राक्से निकालेर आएपछि राक्षसको टाउकोमा सुरा ठोकिन्छ। त्यस लगत्तै उनीहरु दौडेर घर-घरमा गएर कुखुराको टाउको छिनाएर रक्सी खानेले एक बट्को रक्सी र रक्सी नखानेले पानी खाने गर्दछन्। त्यसपछि एउटा कुखुरा सन्तानभरिको घरमा डुलाएर झोलेनी बिसौनामा गएर दातैले टाउको छिनाएर रगत खान्छन्। त्यसै ठाउँमा आफ्ना आफ्ना थरकाले रक्सी, रोटी सेल लगेका हुन्छन्, त्यही खान्छन्। त्यहाँबाट आएर एउटा घरमा जम्मा भई साग खान्छन्। पनि थर्की (थला)मा आएर नाची आफ्नो आफ्नो थरको मुख्य झाँक्रीको घरमा जम्मा भई फोरी अर्को कुखुरा खाएर घरमा जान्छन्।

अनि आजको दिनमा झाँक्रीका भान्जहरु झाँक्री चालामा नाच्ने र हिलो हानेर हिलाराम मेला बनाउने गर्दछन्। हिजोको दिनमा टाउकोमा सुरा खोपेको राक्षसले मान्छेलाई फेरि नभेटोस्, नचिनोस् र नराम्रो नहोस् भनेर हिलो छ्यापेर मान्छेलाई नचिनिने बनाइन्छ। यस ठाउँमा यो एउटा परापूर्वकालदेखि मानिदै आएको परम्परा हो। यस परम्पराले पर्यटनको क्षेत्रलाई पनि टेवा पु-याउँदै गएको छ। यस परम्परालाई पर्यटनको रुपमा विकास गर्न र बचाइराख्न स्थानीय सरकारले पनि हातेमालो गर्दै गएका छन्।

लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. सन् २०२३ मा सरकारद्वारा राष्ट्रसङ्घका लागि स्थायी प्रतिनिधिमा कसलाई सिफारिस गरियो ?**

≅ लोकबहादुर थापा (विसं २०८० असार २८ को मन्त्रिपरिषद् बैठकले परराष्ट्र मन्त्रालयका सहसचिव थापालाई स्थायी प्रतिनिधिमा सिफारिस गरेको हो।)

**२. नेपालमा छापाखानाको सुरुवात कहिले भएको हो ?**

≅ विसं १९०८ (राणा प्रधानमन्त्री जङ्गबहादुर बेलायतबाट फर्किंदा यो प्रेस ल्याएका थिए। प्रेसको शिरमा गिद्धको चित्र भएकाले यसलाई गिद्धे प्रेस भनिएको हो। यस प्रेसलाई थापाथली दरबारमा स्थापना गरिएको थियो।)

**३. राष्ट्रिय सूचना आयोगको गठन कहिले भएको हो ?**

≅ विसं २०६५ वैशाख २२ (सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सूचनाको हकको संरक्षण, संवर्धन र प्रचलन गराउन एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था भएबमोजिम सो आयोग गठन गरिएको हो।

**४. इतिहास शिरोमणि बाबुराम आचार्य राष्ट्रिय पुरस्कार-२०८० कसलाई प्रदान गरियो ?**

≅ चित्तधर नेपाली (राशी : दुई लाख रुपियाँ)

त्यस्तै आदिकवि भानुभक्त राष्ट्रिय पुरस्कार (राशि : एक लाख रुपियाँ) पोषराज पौडेललाई प्रदान गरिएको छ। भगत सर्वजित मानव मर्यादा पुरस्कार मैना अछामी, नवराज लम्साल र चक्रमान विश्वकर्मालाई प्रदान गरिएको छ। युगकवि सिद्धिचरण श्रेष्ठ राष्ट्रिय पुरस्कार (राशिः एक लाख रुपियाँ) मोहन सिटौला तथा शताब्दीपुरुष सत्यमोहन जोशी राष्ट्रिय पुरस्कार (राशिः एक लाख रुपियाँ) गोविन्द आचार्यलाई प्रदान गरिएको छ।

**५. विश्व जनसङ्ख्या दिवस कहिले मनाइन्छ ?**

≅ **जुलाई ११** (सन् २०२३ को नारा : लैङ्गिक समानतालाई बनाऔं अपरिहार्य रिवाज : सम्भावनाका ढोका खोल्न सुनौं महिलाका आवाज।)

**६. नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल ’प्रचण्ड÷ की पत्नी सीता दाहालको निधन कहिले भएको हो ?**

≅ विसं २०८० असार २७

**७. बेलायतको प्रतिष्ठित एङ्गिलया रस्किन विश्वविद्यालयले प्रदान गरेको डाक्टर इन साइन्स विषयको मानार्थ विद्यावारिधि उपाधि प्राप्त गर्ने नेपाली को हुनुहुन्छ ?**

≅ डा. सन्दुक रुइत (सन् २०२३ जुलाई)

**८. नेपालबाट आधिकारिक रूपमा पहिलो पटक चीनमा प्रशोधित घाँस निर्यात सुरु कहिलेदेखि गरिएको हो ?**

≅ **विसं २०८० असार ३०** (असार ३० मा पहिलो चरणमा चितवनको भरतपुरबाट कुल ८० टन प्रशोधित घाँस (हेलेज) रसुवाको केरुङ नाका हुँदै चीनतर्फ पठाइएको छ।)

*गोरखापत्र दैनिकबाट साभार*

# गाई भैंसी पालनको महत्व, सम्भावना र वर्तमान अवस्था



**नारायण ओली**

मुलुकको आर्थिक क्षेत्रमा एक तिहाइ योगदान कृषिको रहेको छ भने कुल कृषि क्षेत्रको योगदानमा पशुपालन क्षेत्रको योगदान एक चौथाइ छ। जसमा भैंसीपालनको योगदान कुल लाइभ स्टक गार्हस्थ उत्पादनमा ५० प्रतिशत भन्दा बढी छ भने गाइपालन क्षेत्रको योगदान भने १४ प्रतिशत मात्र रहेको छ। पशुपालनको कुरा गर्दा पशुजन्य उत्पादनमा सबैभन्दा बढी योगदान भैंसीको देखिन्छ। भैंसीपालनलाई हाम्रो समाजमा केवल आर्थिक दृष्टिकोणबाट मात्र नभएर सामाजिक पक्षबाट पनि त्यत्तिकै महत्वपूर्ण मानिन्छ।

नेपालमा दुध आयातको अवस्था हेर्दा भारतलगायत अन्य तेस्रो मुलुकबाट दिनानुदिन आयात बढिरहेको अवस्थामा पशुपालन क्षेत्रमा पे्ररित भएर लाग्ने हो भने अन्य क्षेत्रको भन्दा पनि फाइदा देखिन्छ। किनकि हाम्रो देशको दीर्घकालीन सोच भनेको अबको ३ वर्षमा नेपाललाई दुध तथा दुग्ध पदार्थजन्य वस्तुमा आत्मनिर्भर बनाउने रहेको छ। एक जना मानिसलाई प्रतिवर्ष ९५ लिटर दुध आवश्यक पर्ने गर्दछ भने नेपालले वार्षिक ७१ लिटर दुधको मात्रा उपभोग गरिरहेको तथ्याङ्क छ। दुध सबै उमेर समुहका मानिसहरुको लागि उपयुक्त खाद्य वस्तु हो। त्यसैले पशुपालनको महत्व बढी छ। दुध उत्पादनमा भैंसीको योगदान ६५ प्रतिशत छ भने मासु उत्पादनमा योगदान ५५ प्रतिसत राँगा भैंसीको छ । स्वास्थ्यका दृष्टिकोणले मानिसको लागि पाचनयोग्य दुध भैंसीको हुने गर्छ। नेपाल लगायत अन्य मुलुकमा भैंसी पाल्ने, दुध लिने



गराउन कृषि तथा पशुपन्छी विमाको सरकारदेखि नै व्यवस्था छ।

नेपालमा गाईको संख्या ७ लाखभन्दा बढी भए पनि दुहुना गाईको संख्या १० लाख मात्र

चलन ढुङ्गे युगदेखि रहेको मानिन्छ। नेपालमा आधुनिक तरिकाबाट भैंसीपालनको सुरुवात भएको १८ औं शताब्दीबाट हो।

नेपालको परिवेशमा पशुपालन क्षेत्रलाई आर्थिक क्षेत्र विकास गर्ने आधारमा पाँचौं पञ्चवर्षीय योजनादेखि तथा वि.स. २०४१/४२ सालतिरबाट मात्र भएको आँकडा छ। नेपालको परिप्रेक्षमा पशुपालन क्षेत्रमा सबैभन्दा बढी योगदान पुरुषभन्दा महिलाको छ। यस क्षेत्रमा महिलाको योगदान ७० प्रतिशत छ भने पुरुषको योगदान ३० प्रतिशत छ।

कृषि श्रममा महिलाले ९ घण्टा र पुरुषले ५ घण्टा मात्र योगदान गरेको पाइन्छ। यस क्षेत्रलाई प्राकृतिक प्रकोपबाट पनि केही हदसम्म टाढा राख्न सकिने व्यवसाय भएको हुँदा फाइदाजनक, सजिलो व्यवसाय र सबै परिवारको संलग्नता हुने व्यवसाय हो। यस व्यवसायमा जुनसुकै प्राकृतिक प्रकोपबाट हुने क्षतिको क्षतिपूर्ति कृषकहरुलाई सहजै उपलब्ध

छ। त्यस्तै नेपालमा भैंसीको कुल संख्या ५१ लाख छ। जसमा दुधालु भैंसीको संख्या भने १३ लाख ४५ हजार मात्रै छ।

नेपालमा दुध उत्पादनको तथ्याङ्क हेर्दा कुल वार्षिक १८ लाख मे. टन उत्पादन हुन्छ। त्यसमा गाइको दुध उत्पादन ३२ प्रतिशत र भैंसीको दुध उत्पादन ६८ प्रतिशत हुने गरेको छ। जुन उत्पादन भएको दुध जम्मा ३० प्रतिशत मात्र कृषकले बिक्री गर्छन् भने अरु सबै कृषक आफैले घरदैलोमा उपयोग गरेको देखिन्छ। नेपालमा दुध संकलन तथा प्रशोधन वि.सं. २०१० सालदेखि भएको हो। दुग्ध विकास संस्थानले ३२ जिल्लाका कृषकले उत्पादन गरेको दुध संकलन तथा प्रशोधन गरि विभिन्न परिकारको रुपमा बजारीकरण गर्दै आएको छ। हाल यस संस्थाको सहयोग मागेर स्थानीय निकायले दुध संकलन तथा चिस्यान केन्द्रको स्थापना गरि गाउँमा उत्पादित दुधको बजारीकरण गर्न सकिन्छ। नेपालमा भैंसीको दुधबाट कुराउनी,

छुर्पी, मोरेक्जेला चिज, घिउ, दही, आइसक्रिम लगायतका परिकार बनाउन सकिन्छ।

नेपालमा पशुपालनबाट विभिन्न किसिमका फाइदा लिन सकिन्छ, जुन निम्न बमोजिमका छन्-

- दुध, मासु र छाला उत्पादन गर्न सकिन्छ।
- कृषिको लागि शक्तिको प्रयोग- खनजोत, गाडा तान्ने कार्यको लागि उच्च पहाड तथा मध्य पहाडमा गोरु तथा राँगोको विकल्पमा खेती कार्य गर्ने शक्तिको रुपमा अर्को साधन नभएको।
- पशुपालन क्षेत्रबाट बाली नालीमा आवश्यक पर्ने मल आपूर्ति गरी अन्न बाली उत्पादन गर्न सकिन्छ।
- सामाजिक परम्पराअनुसार गाई तथा भैंसीको दुध र यसबाट बनेका पदार्थहरु प्रसादको रुपमा चढाउने चलन समाजमा रहिआएको छ।
- मासु उत्पादन र खपतमा पनि भैंसीपालन क्षेत्रको ठूलो योगदान छ।
- साना बालबालिका, जवान तथा वृद्धाहरुको स्वास्थ्यको लागि आवश्यक पर्ने पशुजन्य खाद्य वस्तुहरु भैंसीको दुधमा प्रशस्तै पाउँछ।
- गाई/गोरुको संख्या भैंसी/राँगाको भन्दा करिब ४० प्रतिशतले बढी देखिन्छ।
- गाईको कुल संख्याको करिब १४ प्रतिशत संख्या मात्र दुध दिनेको रहेको छ।
- एक गाईबाट सरदर ४२७ लिटर दुध उत्पादन हुने गरेको देखिन्छ।
- गाईको दुध उत्पादन सबैभन्दा बढी पूर्वाञ्चल क्षेत्रमा र सबैभन्दा कम मध्यपश्चिमाञ्चल क्षेत्रमा रहेको देखिन्छ।
- भैंसीको कुल संख्याको करिब २५ प्रतिशत भैंसी संख्याले दुध उत्पादन गरेको देखिन्छ।
- एक भैंसीबाट सरदर ८५५ लिटर दुध उत्पादन हुने गरेको देखिन्छ।
- तथ्यांकले के देखाउँछ भने मुलुकको कुल दुध उत्पादन १८ लाख मे.टनमध्ये गाईको दुध करिब ३० प्रतिशत र भैंसीको करिब ७० प्रतिशत हुन आउँछ। भन्नाले दुध उत्पादनमा गाईको योगदान ३० प्रतिशत देखिन्छ।
- भैंसीको दुध उत्पादन सबैभन्दा बढी पूर्वाञ्चल क्षेत्रमा र सबैभन्दा कम सुदूरपश्चिममा रहेको देखिन्छ।
- देशको कुल मासु उत्पादन २,१९,२०५ मे.टन मध्ये रांगाको मासु १,४२,०४० मे.टन उत्पादन हुने देखिएकोले यसको योगदान करिब ६५ प्रतिशत रहेको पाइन्छ।

**सारांश:**

पशुपालन क्षेत्रमा पशुजन्य उत्पादनको दृष्टिकोणबाट गाई, भैंसीको योगदान ज्यादै नै महत्वपूर्ण भएको हुँदा भविष्यमा गाई, भैंसीपालनलाई उन्नत तरिका अपनाई पेशागत रुपमा पालन गरि उत्पादकत्व र उत्पादनमा बृद्धि गरि अरु बढी व्यावसायीकरणतर्फ लैजान आवश्यक देखिन्छ।

कविता

# बर्षायाम गोठमा

- डिकेन्द्र शाह

म गोठमा बसेको छु
गाईहरु चर्न जंगलमा गएका छन्
सिमसिमे पानी आइरहेको छ
भेडा बाख्रा खर्कमा चरिरहेका छन्

मेरो गोठमा आगो पुताइरहेको छ
मैले आगो ताप्दै आलु उसिन्दै छु
जब भोकको अनुभव हुन थाल्छ मलाई
तब टिमुर र नुनको मिसावटसँग आलु खान्छु
अनि भोक हराउँछ

जतिखेर पानीका अविरल थोपाहरु रोकिन्छन्
त्यतिखेर म घाँस र दाउरा काट्न जंगलमा जान्छु
अनि गाई बाख्रा भेडासँग गोठमा आउँछु
गाई बाख्रालाई किलामा बाँधेर
म गोठभित्र प्रवेश गर्छु

म आफ्नो खाना तयार पार्न लागिरहेको हुन्छु
मेरा गाईहरु मलाई दुध दिने संकेत गर्छन्
म गाबु लगेर दुध दुन जान्छु
अनि घाँसपात गाई बाख्रालाई दिएर आउँछु

गोठभित्र पस्छु अँगेनामा दुध टेकाउँछु
म आलुको तरकारी दुध, ढिडो मिठाससँग खान्छु
जतिवेला कर्नाहरुको गीत घन्किरहेको हुन्छ
त्यतिबेला म आराम गर्न लागिरहेको हुन्छु
सुमधुर गीतहरु सुन्दा म आनन्दित र चकित हुन्छु
मेरो मष्तिष्कले आदेश गर्छ
मेरो हातमा बाँसुरी आउँछ
अनि म सुमधुर बाँसुरीको धुन गुञ्जायमान बनाउँछु
सुनौलो यही समयको क्षणमा
मेरा सम्पूर्ण दु:खहरु बिर्सिदिन्छु
त्यो महल शहरको वातावरणमा बस्नुभन्दा
मलाई यहीं गाउँ ठाउँ र प्रकृति मन पर्छ
त्यसैले म सधैं प्रसन्नताको महशुस गर्छु।

*सिस्ने- ६ रुकुमकोट*

# बाल गीत

(कक्षा १ का विद्यार्थीका लागि)

- प्रेमबहादुर सुनार (बगर)

भूमे मेरो जन्म भूमि, स्वर्ग जस्तो ठाउँ
प्राणभन्दा प्यारो लाग्छ, मेरै घर गाउँ।
सेपे रुली, खरनेटा र बुकीपाटन फाँट
डाँफे, कालिज, बँदेल, मृग, कति सुहाउँदो छाँट।

ग्वान्टे झरना, नौधारी र पञ्चासेको पानी
धुपी, अल्लो, ओखर, टिमुर अझै तामाखानी।
मगर, क्षेत्री, दलित, नेवार मिलेको छ ठाउँ
भेरी डाँडा, महत, मारिङ प्यारो गैरी गाउँ।

कालो टोपी, छट्के गादी, पैंसेरुको घेरो
लुङ्गी, चोली, पटुकामा मनै भुल्छ मेरो।
पशुपालन, राडीपाखी, पुख्यौंलीको काम
देशैभरि चिनाउनु छ, मेरो ठाउँको नाम।

हामीलाई कविता, गीत, गजल, मुक्तक, लघुकथा, छोटा-छोटा कथा, निबन्ध, संस्मरणहरु news.bhume@gmail.com मा पठाउन सक्नुहुनेछ। भूमेको भूमि, यहाँको कला संस्कृति, सामाजिक, ऐतिहासिक र पर्यटकीय पक्षहरु समेटिएका साहित्यिक रचनाहरुलाई विशेष प्राथमिकता दिइनेछ। - सम्पादक

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष:- २०८०/८१
सूचना नं.:- ०१

## सुचिकृत/दर्ता हुने सम्बन्धी सुचना ।
**(प्रथम पटक सूचना प्रकाशित मिति:- वि.सं.२०८०/०४/०७ गते)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रमहरु अन्तर्गत प्रथम, दोस्रो र तेस्रो चौमासिक अवधिमा सञ्चालन हुने विभिन्न कृषि सम्बन्धी कार्यक्रमहरुमा आवश्यक पर्ने विभिन्न कृषिजन्य सामाग्रीहरु आपूर्ती (खरिद) गर्नुपर्ने भएको हुँदा उक्त विभिन्न कृषिजन्य सामाग्रीहरु आपूर्ती (विक्रिवितरण) गर्न ईच्छुक विक्रेता (आपूर्तीकर्ता)हरु ***कृषि नर्सरी/फार्म/कम्पनी/सप्लायर्स/प्रा.लि./एग्रोभेट/समूह/संस्थाहरु***ले तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी ***यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८०/०४/२१ गते)भित्र*** कार्यालय समयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालयमा सूचिकृत/दर्ता हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिल:**

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

- सूचिकृत/दर्ता हुने सम्बन्धमा निवेदन र छाप ।
- सञ्चालक/प्रोपाईटर/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७९/८०को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७९/८०को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- समूह/संस्थाको हकमा सूचिकृत/दर्ता हुने सम्बन्धमा निर्णयको प्रतिलिपी ।
- नियमानुसार राजश्व शुल्क तिरेको नगदी रसिद ।

..............................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

..............................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत (छैटौं)

**सम्पर्कका लागि:**

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५

# लम्पी स्किन रोग सम्बन्धी जानकारी

**परिचयः**

- यो रोग गाई भैसीमा देखिने रोग हो ।
- यो पोक्स भाइरसले गर्दा लाग्ने गर्छ ।
- सन् 2012 मा मध्यपूर्व देखि दक्षिण-पूर्वी युरोपमा फैलिएको थियो ।
- हाल ५५ जिल्लामा फैलिएको पुष्ट्याई भएको छ ।
- मृत्युदर गाईवस्तुमा ३-७ र भैंसीमा ०% रहेको छ ।
- यसले स्थानीयको तुलनामा उन्नत नश्ललाई बढी असर गर्ने गर्छ ।
- उत्पादनमा गिरावट् आउने, ओसारपसारमा प्रतिवन्ध गर्नुपर्ने हुदा आर्थिक नोक्सानी हुने गर्दछ ।
- यो रोग पशुबाट मानिसमा सर्दैन ।
- रोग गर्मि मौसममा किराहरुको टोकाईबाट सर्ने गर्दछ ।

**लक्षणहरुः**


संक्रमित पशुहरुमा निम्न लक्षणहरु देखा पर्ने गर्दछ ।

- उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा बढी आउने गर्दछ ।
- छालामा १ देखि ५ सेन्टिमिटरका साह्रा गोलो गिर्खाहरू देखिने ।
- थतुनो,ओठ, मुख र नाकभित्र घाउ देखिन्छ।
- आखाँ र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउँछ,र्‍याल काड्छ, लिम्फ नोडहरू सुनिन्छन, संक्रमित पशु लक्षण नदेखाई मर्न पनि सक्छ ।
- किराले गिर्खाहरु फुटाएर जटिल प्रकारका घाँउ बनाउन सक्छ ।



**रोग सर्ने माध्यमः**

- संक्रमित लामखट्टे, झिंगा, किर्ना जस्ता किराहरूको टोकाइबाट सर्छ ।
- संक्रमित गाईवस्तुहरुको ओसारपसार गर्दा सर्छ ।
- उपचारमा संलग्न प्राविधिक तथा प्रयोग गरिने संक्रमित औजारबाट सर्न सक्छ।
- पशुको प्रजनन, दानापानी खाने भाँडा, चरण क्षेत्र तथा प्रत्यक्ष पशुको सम्पर्कबाट पनि सर्न सक्छ ।




**उपचारः**

दुर्भाग्यवश यो रोग भाइरसबाट लाग्ने भएको हुदाँ प्रभावकारी उपचार छैन । यसको सबैभन्दा राम्रो उपाय भनेको रोग लाग्न नदिनुनै उत्तम उपाय हो। यसको सट्टा, संक्रमित जनावरहरूले सहायक हेरचाह गर्न सकिन्छ,जसमा लक्षणको आधारमा उपचार गर्न एन्टिबायोटिक, पेनकिलर र घाउ सफा गर्ने स्प्रेहरुको प्रयोग गर्न सकिन्छ । कुनै उपचार नभए पनि रोग फैलिन नदिन वा नियन्त्रण गर्न भ्याक्सिनको प्रयोग गर्न सकिन्छ । दुर्भाग्यवश यसको भ्याक्सिन हाल सम्म नेपालमा उपलब्ध छैन । आसा छ यसको भ्याक्सिन नेपालमा छिटै उपलब्ध हुने छ ।



**रोगको शंका लागेमा के गर्नेः**

- रोगको प्रकोप फैलिएको क्षेत्रका पशुहरुलाई नियमित निरिक्षण गर्ने ।
- रोगको शंका लागेका नजिकका भेटेरीनरी प्राविधिक, गाउँपालिका पशु सेवा केन्द्र, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा खबर गर्ने ।
- पशुहरुको ओसारपसार गर्न पुर्णरुपमा बन्द गर्नुपर्छ ।





Figure 1. Viral pathway of lumpy skin disease

**रोकथाम तथा जैविक सुरक्षाका उपायहरुः**

तपाईं आफ्नो फार्मको सुरक्षा कसरी गर्न सक्नुहुन्छ ? आफ्नो फार्मको सुरक्षाका लागि विभिन्न उपायहरु अपनाउने गर्नुहोला । विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नुपर्दछ । गाईभैंसी खरिद गरेर ल्याउदा २८ दिनसम्म बथानबाट अलग्गै वा क्वारेन्टाइनमा राख्नुपर्दछ । यो रोगको प्रकोपको समयमा रोग लागेको ठाउँ बाट गाईभैंसी ल्याउन हुदैन। गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्नु ,सरसफाइमा ध्यान दिनपुर्दछ । आवश्यकता अनुसार उपयुक्त किटनाशक औषधी प्रयोग गर्नुपर्दछ । गोठको वरिपरि पानी जम्ने ठाउँ हुनु हुदैन । आफ्नो फार्ममा जैविक सुरक्षाका उँपायहरू अवलम्बन गर्नुपर्दछ । प्रत्यक वर्ष पशुवस्तुहरुलाई खोप लगाउनुपर्छ ।




**रोग देखिएमा यहाँ सम्पर्क गर्नुहोलाः**

- वडानं १ र २ का लागि अमृता रोका, ९८४८०५७२७२
- वड नं ३ र ८ का लागि दिल कुमारी सुनार, ९८६७२२९४६६
- वडा न् ४ र ५ का लागि जनम बुढा मगर, ९८४८६९९७२८
- वडा नं ६ र ७ का लागि भुपाल ओली, ९८६६९१६०३७
- वडा नं ९ का लागि कमल के सी, ९८४६८१०१६०
- गाउँपालिका पशु सेवा केन्द्र का लागि नारयण ओली, ९७६२५२७१७० भुपेन्द्र शाही , ९८६६९१६०३७




जनहितका लागि
भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशु सेवा केन्द्र

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**थप जानकारीका लागि. ९७६२५२७१७०, ९८६६९१६०३७, ९८४८६९९७२८, ९८६८६३३५५१, ९८४८०५७२७२, ९८४६८१०१६०**